# रत्ननगर नगरपालिकाको मिति २०८१/२/१८ गते बसेको १५१ औं कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

मिति २०८१/०१/१६ गते बसेको १५० औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको बिषयमा समीक्षा गरियो ।

**निर्णय नं.२**

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो सेवा प्रवाहका बिषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग पं.स.२०८०/०८१ मिति २०८०/१२/५ च.नं. **DIV2-61917** को पत्र बमोजिमको सुझाव बैठकमा प्रस्तुत भयो प्राप्त पत्रमा उल्लेख भएको सुझाव अनुसार प्रचलित कानुनहरुको परिपालना गर्ने गराउने गरी कार्यप्रणालीलाई कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४**

नगर स्तरीय अनुगमन समितिबाट पेश भएको तपसिलको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो

तपसिल

| क.सं. | योजनाको विवरण | वजेट श्रोत | वडा नं. | कै. |
|---|---|---|---|---|
| १ | बकुलहर जयमंगला फुटपाथ सहित नाला | नगर/केन्द्र | १० र १३ | ठेक्का |
| २ | सडक आर.सि.सि. ढलान | नगर | १ र ३ | उ.स. |
| ३ | फोहोर व्यवस्थापन स्थल | नगर | ११ | ठेक्का |
| ४ | सडक कालोपत्रे | नगर | ४,५, र १३, | ठेक्का |
| ५ | कलभर्ट निर्माण | नगर | १२ | उ.स. |
| ६ | तटबन्ध निर्माण | नगर | ११ | उ.स. |
| ७ | कुलो लाइनिङ्ग | नगर | ३ र ५ | उ.स. |
| ८ | थारु होम स्टे जनकौली | नगर | ५ | उ.स. |
| ९ | बेल्सी कभर्टहल प्यारापिट निर्माण | नगर | ३ | उ.स. |
| १० | भैसी प्रवर्द्धन कार्यक्रम | प्रदेश | ६ | उ.स. |

**निर्णय नं .५**

रत्ननगर नगरपालिका वडा नं. ३ मा आ.व. ०७९/०८० मा संचालन भएको विपन्न परिवारको आवास निर्माण कार्यको सम्पन्न भएकाले उक्त क्रमागत योजनाको म्याद २०८१ ज्येष्ठ २५ सम्म म्याद थप तथा थप व्ययभार नपर्ने गरी लागत इस्टीमेट पुनरावलोकन गरी रकम भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ६</u>**

डिभिजन कार्यालय भरतपुर चितवन कार्यालयको च.न. २०६२ मिति २०८१।२।७ को पत्रसाथ संलग्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प.स. २९१, २०८०।०८१ को च.न. ३७८८ मिति २०८१।१।४ को टिकौलीको जंगलमा कृष्णसार स्थानान्तरण सम्बन्धी, कृष्णसार स्थानान्तरण तथा Site Specific Management Plan मा थप, परिमार्जन भएका तपसिलका भौतिक संरचना सम्बन्धी विवरण पठाउने सर्वसम्मत निर्णय गरियो ।

**<u>तपसिल</u>**

१. कृष्णसार स्थानान्तरणसम्बन्धमा गठित सम्भाव्यता अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदनबमोजिमका संरचनाहरुको विस्तृत विवरणसहितको lay out plan एवं फिल्ड नक्शा योजनाको पृष्ठ १२ मा संलग्न छ । योजनाले प्रस्ताव गरेको भौतिक संरचनामा बारवन्देजको परिमिति सोहीअनुसार र पानी पोखरी निर्माणस्थल कृष्णसार अनुगमन तथा अवलोकन मचान र टिकट एवं हेरालु घर निर्मित स्थानको G.P.S Location मा Coordinate क्रमश xo251526 Y3059736, Xo251589 X3059745 र X0251549 X3059552 रहेको छ ।

२. कृष्णसार स्थानान्तरण गर्न प्रस्ताव गरिएको क्षेत्र देखिने गरी GIS प्रविधिमार्फत तयार गरिएको भू-उपयोग नक्शा योजनाको पृष्ठ न. १२ मा दिइएको छ। GIS Cooralinate विवरण योजनाको अनुसूची १ मा उल्लेख गरिएको छ ।

३. वन तथा वातावरण मन्त्रालय सचिवस्तरबाट मिति २०७८।३।२४ मा स्वीकृत कार्ययोजनाबमोजिमको व्यवस्थापन मोडालिटी, व्यवस्थापन समिति तथा व्यवस्थापनको लागि दिगो वित्त व्यवस्थापनसम्बन्धमा राष्ट्रिय निकुञ्ज वन्यजन्तु संरक्षण विभागको प.स. १२१,२०७८।०७९ च.न. १५७४ मिति २०७८।१२।८ को पत्रसाथ संलग्न क्र.स. १ देखि ९ सम्मको खण्डको देहाय ३ अनुसारको व्यवस्थापन समिति र अनुगमन समितिका पदाधिकारीहरुसम्बन्धी विवरण योजनाको पृष्ठ ३५ मा उल्लेख गरिएको छ । प्रस्तावित आवधिक योजनाको (५ वर्षको लागि प्रस्ताव गरिएका क्रियाकलापहरुको योजना परिच्छेद ७ को पृष्ठ संख्या ४१ अनुसार) लागि अनुमान गरिएको बजेट रकम रु. ४,१६,९०,०००।— (अक्षेरेपि चार करोड सोह्र लाख नब्बे हजार) यस नगरपालिकाको आ.व. २०७८।०७९ देखि आ.व. २०७९।०८० एवं आ.व. २०८०।०८१ सम्म क्रमागत कार्यक्रममा राखेर भौतिक पूर्वाधार तथा वासस्थान सुधारका क्रियाकलापहरु नगरपरिषद्को बैठकबाट पारित गरेर कार्यान्वयनमा ल्याइसकेको छ। योजनाले प्रस्ताव गरेका सबै क्रियाकलापहरु यसरी नै हरेक आर्थिक वर्षमा नगर परिषदबाट पारित गराएर कार्यान्वयनमा ल्याइने छन् ।योजनाले प्रस्ताव गरेको बजेटको सुनिश्चितता र दिगो वित्त व्यवस्थापनको लागि यस नगरपालिकाको प्रतिवद्धता पत्र यसैसाथ संलग्न छ ।

४. तत्कालिन वन विभागको मिति २०७३।०९।१८ को रायमा उल्लेख भएअनुसार स्थानान्तरण गरी ल्याइने कृष्णसारको वासस्थान व्यवस्थापनसम्बन्धमा योजनाले प्रस्ताव गरेका क्रियाकलापहरु परिच्छेद ५ मा उल्लिखित (पृष्ठ संख्या २९) ५ वटा उद्देश्यहरु हासिल गर्नको लागि प्रस्तावित बजेट रकम तालिका ९(पृष्ठ संख्या ४१) मा उल्लेख गरिएको छ । स्थानान्तरित कृष्णसारको हेरचाहको लागि चाहिने जनशक्ति (परिच्छेद ६ को पृष्ठ संख्या ३६) करारमा भर्ना गरिने छ । कृष्णसारको सुरक्षाको हकमा भौतिक पूर्वाधार विकास निर्माणमा पर्खाल, जाली तारबार र अत्याधुनिक विद्युतीय तारबार निर्माण गरिसकिएको छ । वन र वन्यजन्तु अपराध नियन्त्रण र कानूनी कार्वाहीमा डिभिजन वन कार्यालयको व्यवस्थापकीय क्षेत्राधिकारभित्र पर्ने भएकोले वन ऐन ०७६ र सो अन्तर्गतको नियमावली र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०५९ बमोजिम हुनेछ ।

कृष्णसारको स्थानान्तरणदेखि वासस्थान व्यवस्थापन, आहाराको उपलब्धता, स्वास्थोपचार, हेरचाह एवं सुरक्षालगायतका क्रियाकलापहरु अनुसूची ७ (Critical Path Management पृष्ठ ६१,६२ र ६३ को क्रमवद्धताअनुसार कार्यान्वियन ल्याइने छन् ।

**<u>निर्णय नं. ७</u>**

यस रत्ननगर नगरपालिकाको आ.व. २०७९/०८० को कृषि पशुपंक्षी शाखा कार्यक्रम अन्तरगत सम्पन्न भएको ल्पी रोग बिरुद्धको म्याक्सिनेशन कार्यक्रममा वडाबाट भुक्तानी हुनुपर्ने रु.२१००००/- (दुई लाख दश हजार मात्र) बराबरको रकम मध्येबाट मिति २०८०/३/२२ गते बनेको तर सटही हुन नसकेको चेक बरारबरको रकम श्री मध्य नेपाल भेट फर्मा प्रा.लि. लाई भुक्तानी नयाँ चेक मार्फत भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>**

रत्ननगर नगरपालिका वडा नं. १४ निवसी लक्ष्मी रानाभाटको घरमा मिति २०८१/२/६ गते बेलुकीको समयमा बिजुली सर्ट भई भान्सा कोठामा आगलागी भई सामानहरु जलेर नष्ट भएकाले नियमुनसर क्षति पुर्ति उपलब्ध गराईदिनु हुन भनि १४ नं. वडा कार्यालयको सिफारिस सहित क्षतिपुर्ति माग भई आएकाले नगर स्तरीय विपद् व्यवस्थापन शिर्षकबाट व्ययभार हुने गरी रु. ४००००/- (चालिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ९</u>**

रत्ननगर नगरपालिका भित्र रहेका १८ देखि ४० बर्ष उमेर समुहका युवाहरुको नेतृत्व र व्यक्तित्व विकास गराउने एवां युवाहरुलाई उमशिल बनाइ व्यवासाय प्रव्द्धन गर्न सहयोग पुर्याउने उद्धेश्यका साथ रत्ननगर जेसिसले आफ्नो रजत बर्षको उपलक्ष्यमा मिति २०८०/१/२२ गते होटल स्टार चितवनमा संचालन गरेको "**Ratnabiz Summit 1.0**" कार्क्रमका लागि आर्थिक सहयोग माग भई आएकाले अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी रु.५००००/- (पचास हजार मात्र) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. १०</u>**

रत्ननगर नगरपालिका अन्तरगतका वडाहरुबाट वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भै आएका तपसिलका व्यक्तीहरुलाई अन्य आर्थिक सहायता शिर्षकबाट व्ययभार हुने गरी देहायको आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>तपसिल</u>**

| क. स. | आर्थिक सहयोग माग गर्ने व्यक्तीको नाम | स्थायी ठेगाना | रोगको प्रकार | सहयोग माग भएको विवरण | सिफारिस गर्ने वडा कार्यालय | सहयोग रकम |
|---|---|---|---|---|---|---|
| १. | सविन तामाङ्ग | रनपा १२ | हेपाटाइटिस सि | घरायसी आर्थिक अवस्था कमजोर विपन्न वर्ग | वडा नं १२ को कार्यालय | १००००/- |
| २. | गणेश मिश्र | रनपा १२ | मुटुमा समस्या | आर्थिक अवस्था कमजोर | वडा नं १२ को कार्यालय | १००००/- |
| ३. | दिपेश सुनार | रनपा ११ | गैडाको आक्रमण | आर्थिक अवस्था ज्यादै कमजोर | वडा नं. ११ को कार्यालय | १००००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | अर्जुन गिरी | रनपा १ | काजक्रिया खर्च | आर्थिक अवस्था ज्यादै कमजोर | वडा नं. १ को कार्यालय | १००००/- |
| ५. | सारदा चौधरी | रनपा १० | सुत्केरी पोषण खर्च | आर्थिक अवस्था ज्यादै कमजोर | वडा नं. १० को कार्यालय | १००००/- |
| ६. | जयन्ती दर्जी | रनपा ८ | काजक्रिया खर्च | आर्थिक अवस्था ज्यादै कमजोर | वडा नं. ८ को कार्यालय | १००००/- |
| ७. | गोविन्द प्रसाद पाठक | रनपा १० | काजक्रिया खर्च | आर्थिक अवस्था ज्यादै कमजोर | वडा नं. १० को कार्यालय | १००००/- |
| ८. | विष्णु कुमार श्रेष्ठ | रनपा १४ | टाउकोमा मासु पलाएको अप्रशेन | आथिक अवस्था ज्यादै कमजोर | वडा नं. १४ को कार्यालय | १००००/- |

**निर्णय नं.११**

रत्ननगर नगरपालिका वडा नं. २ मा रहेको सार्वजनिक जग्गामा रत्ननगर नगरपालिका कार्यालयको भौतिक पुर्वाधार निर्माणमा प्रयोग हुने सवारी साधन पार्किङ्ग स्थल निर्माण स्थल निर्माणका लागि प्राविधिक लागत इस्टीमेट बमोजिम रु.१९९८०४४/- (उन्नाइस लाख अन्ठान्नबे हजार चौवालिस लाख  मात्र ) नगर स्तरीय अन्य विविध पुर्वाधार निर्माण शिर्षकबाट व्ययभार हुने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

रत्ननगर नगरपालिका वडा नं. १३ अमिलिया टोल अन्तरगत पर्ने श्री कृष्ण ग्रिल उद्योग देखि पश्चिम सम्म केशव थापाको सहकारी शिर्षकबाट व्ययभार पर्ने गरी रु.७९००००/- ( सात लाख नब्बे हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १३**

चितवन जिल्ला बचत तथा ऋण सहकारी संस्था लि. ले  मिति २०८० जेठ २५ र २६ गते संचालन गर्ने सहकारी एकरुपताका लागि ऐक्यबद्धताः चितवन साकोसहरुको प्रतिवद्धता भन्ने मुल नाराका साथ सहकारी समिट सबै पालिकाका सहकारीहरुलाई सहभागिता गराई कार्यक्रम संचालन गर्न लागेकाले उक्त कार्यक्रम संचालनका लागि आर्थिक सहयोग माग भई आएकाले नगर स्तरीय सहकारी दिवस कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरी रु.२५०००/- (पच्चिस हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

रत्ननगर नगरपालिका वडा नं. १५ निवासी श्री राम लामिछानेको आर्थिक अवस्था ज्यादै कमजोर भएकाले घर मर्मतका लागि आवश्यक सामाग्री तथा आर्थिक सहयोग गराईदिनु हुन भनि १५ नं. वडा कार्यालयको सिफारिस सहित निवेदन पेश भएकाले निजको घर निर्माणका अन्य आर्थिक सहयाता शिर्षकबाट व्ययभार पर्ने गरी रु.५००००/- (पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

रत्ननगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रशासनिक भवनमा प्रवेशद्धार, पुस्तकालय, पार्क तथा कार्यालय परिसर सौन्दर्यीकरणको लागि गुरुयोजना तयारका लागि नगर स्तरीय कार्यक्रम डि.पि. आर. तथा परामर्श शिर्षकबाट व्ययभार हुने गरी रु.८१५६४/- मात्र विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १६**

रत्ननगर नगरपालिका वडा नं. ११ स्थित ल्याडफिल्ड साइटको फोहर व्यवस्थापनका गर्ने सम्बन्धी खरिद कार्यको नियमानुसार सम्झौता बमोजिम कार्य सम्पन्न गरी अन्तिम प्राविधिक मुल्यांकन बिल पेश गरेको श्री पशुपतिनाथ विल्डर्स एण्ड इन्जिनियारिङ्ग प्रा.लि. लाई नगरस्तरीय बजेटबाट व्ययभार हुने गरी भुकतानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१७**

रत्ननगर नगरपालिकाको नगर पर्यटन विकास कार्यविधि निर्माणको सौद्धान्तिक स्वीकृती दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १८**

रत्ननगर नगरपालिका वडा नं. १६ स्थित सारुचोक देखि शंकर दोबाटो चोक सम्म कालोपत्रे सम्पन्नका लागि नगर स्तरीय अन्य विविध सार्वजनिक निर्माण शिर्षकबाट व्ययभार हुने गरी रु.१८०००००/-(अठार लाख मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १९**

यस नगरपालिकाको मिति २०८०/९/२० गतेको कार्यपालिका बैठकको निर्णयबाट नगर प्रमुख उप- प्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिहरु नगर कार्यपालिका कार्यालय अन्तरगतका वडा र स्वास्थ्य कार्यालयको तर्फबाट कानुनी परामर्श र बहस पैरवीका लागि मिति २०८०/९/२२ देखि लागु हुने गरी कानुनी सल्लाहकार पदमा नियुक्ती हुनु भएका अधिवक्ता दिवाकर अर्याललई हाल सम्म यस कार्यालयमा पुर्याउनु भएको योगदानको कदर गर्दै आजैका मिति देखि लागु हुने गरी सो पदबाट हटाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २०**

रत्ननगर नगरपालिका र यस अन्तरगतका स्वास्थ्य संस्थाका लागि मैजुदा औषधीले एक महिनाका लागि मात्र पुग्ने हुदाँ थप औषधी खरिद गर्नुपर्ने भएकाले नगर स्तरीय नगर गौरब विविध प्रवर्द्धनात्मक कार्ग्रम शिर्षकबाट व्ययभार हुने गरी इ- टेन्डर कै मुल्यमा औषधी खरिदका लागि रु.५५००००/- (पाँच लाख पचास हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२१**

रत्ननगर नगरपालिकाको स्वीकृत दरबन्दी तेरिज भित्र रिक्त रहेको तपसिलका पदहरुमा सेवा करारमाकर्मचारी पदपुर्तिका लागि विज्ञापन आब्हानका लागि संस्थागत विकास तथा सुशासन समितिलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२२**

रत्ननगर नगरपालिकाको बिशेष नगर सभाको निर्णयबाट स्वीकृत भई लागु गरिएको रत्ननगर नगरपालिका नगर प्रहरी परिचालन कार्यविधि २०८० मा तपसिलको शंसोधन सहित स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

**निर्णय नं.२३**

रत्ननगर नगरपालिका वडा नं. १ का विभीन्न स्थानहरुमा रहेका बच्ची बाटोमा सडकउच्च स्तरीय ग्राबेलिङ्ग कार्यका लागि नगर स्तरीय आकस्मिक ग्राबेल शिर्षकबाट व्ययभार हुने गरी रु.६३८०००/- (छ लाख अठ्तिस हजार मात्र) विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २४**

रत्ननगर नगरपालिका वडा नं.३ बन्सि टोल स्थित कयर खोला तटबन्धन निर्माणका लागि वडा स्तरीय बजेटमा अपुग बजेट रु. १०००००/- ( एक लाख मात्र) नगर स्तरीय विविध समपुरक कोष शिर्षकबाट व्ययभार पर्ने गरी रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २५**

बागमती प्रदेश चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. २ मा घर बाहाल करारमा बस्ने दोइनद्र बहादुर पौडलका छोरा साज पौडेलको घर बहाल करार सम्झौट्टा बिषयमा चितवन जिल्ला रत्नननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर चितवन र रत्ननगर नगरपालिका वडा नं. २ को कार्यालय समेतलाई पपतियार्थी बनाई सम्मानित जिल्ला अदालत चितवन इजलासमा दायर भएको मुद्धा नं. ०८०-WO-००४१ निशेषाज्ञा मुद्धाको अन्तिरम आदेश सम्बन्धी छलफल, कानुन व्यवसायि नियुक्ती गर्ने , लिखित जवाफ पेश गरी मुद्धाको तारेख लिई पुर्पक्षमा रहनको लागि चितवन जिलल् भरतपुर महानगरपालिका वडा नं. १० बस्ने यसै नगरपालिकाका अधिकृत छैठौं तह बर्ष ४९ का श्री देव प्रसाद पौडेललाई नगरकार्यपालिकाको तर्फबाट प्रतिनिधि मुकारर तोकी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २६**

नेपाल नगरपालिका सघको मिति २०८१/२/२१ गतेको च.नं. १४८६ पत्रको साँवा व्याज किस्ता भुकतानी पठाउने बिषयका सम्बन्धमा बैठकमा छलफल गरियो । कोषको ऋण/ सरल ऋण सहयोगमा यस नगरपालिकामा निर्माण भएका संरचनाहरु विगतमा नै भत्कीसकेको र आम्दानीसँग जोड्न नसकिएको कारण नगरलाई समस्या परेकाले उक्त ऋण सहयोगको आधा रकम अनुदानमा परिणत गरीदिन र बाँकी आधा रकम नगरले वर्तमान जनप्रतिनिधिको कार्यकाल (३ बर्ष भित्र) प्रतिवद्धता सहित अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २७**

बिषयगत समितिको योजना कार्यक्रम छनौट

**निर्णय नं.२८**

रत्ननगर ड्रिम डान्स इस्टुडीयोले मिति २०८१ जेठ १९ गते संचालन गरेको पाँचौ बार्षिक उत्सव तथा विविध सांस्कृतिक कार्ग्रम संचालन गरेको र उक्त कार्यक्रमका लागि आर्थिक सहयोग माग भई आएकाले नगरस्तरीय कला संस्कृति जगैंना

शिर्षकबाट व्ययभार हुने गरी रु.२००००/- (बिस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२९**

रत्ननगर नगरपालिकाको नगर पर्यटन विकास कार्यविधि निर्माणको सौद्धान्तिक स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. ३०**

रत्ननगर नगरपालिकाबाट मागमा आधरित ५० प्रतिशता अनुदानमा कृषि सामाग्री उपकरण मेसिनरी लगायत सामान वितरण शिर्षकबाट रत्ननगर नगरपालिकाका १६ वटै वडाबाट सिफारिस भई आएका देहाय बमोजिम कृषकहरुलाई तपसिलको अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कृषकको नाम | वडा नं. | बढीमा अनुदान रकम | अनुदानको प्रकार | रकम प्रतिशत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सुर्य बहादुर अधिकारी | वडा नं.३ | ५००००/- | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | ९८४५९५९७८० | |
| २ | कन्चन कुमार चौधरी | वडा नं. ७ | ५०००० | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | ९८४२५५९२४१ | |
| ३ | जेना महतो | वडा नं.५ | ५०००० | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | | |
| ४ | आविश्कार भण्डारी | वडा नं.५ | ४५००० | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | | |
| ५ | गोविन्द प्रसाद रिजाल | वडा नं.५ | ४५००० | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | | |
| ६ | प्रनी थरुनी | वडा नं.५ | ४५००० | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | | |
| ७ | घनश्याम पाण्डे | वडा नं.५ | ४५००० | मोटर | ५० प्रतिशत | | |
| ८ | धर्मराज खतिवडा | वडा नं.५ | ४५००० | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | | |
| ९ | देवि कुमारी पाध्याय | वडा नं. ८ | ४५००० | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | | |
| १० | कृष्ण कुमारी गेतामे | वडा नं. १२ | ५००००/- | इनार सफाई तथा रिङ खरिद | ५० प्रतिशत | | |
| ११ | बिष्णु बहादुर महत | वडा नं.९ | ८००००/- | बोरिङ्ग तथा मोटर | ७० प्रतिशत | | |
| १२ | कृष्ण प्रसाद शर्मा पौडेल | वडा नं. १ | ५००००/- | इनार मोटर रिङ | ५० प्रतिशत | ९८४५२१४४१ | |
| १३ | बिष्णु पुरी | वडा नं.१० | ६००००/- | बोरिङ्ग तथा मोटर | ५० प्रतिशत | ९८ | |
| १४ | मिलिजुली कोशिस महिला कृषक समुह | वडा नं ११ | ६००००/- | जेनेरेटर | ८० प्रतिशत | ९८६५०१००७१ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | माधवपुर टोल विकास संस्था | रनपा १५ | ५००००/- | ४ इन्च पाइप १६० मिटर | ५० प्रतिशत | ९८४५०७५२७६ | |
| १६ | राधिकादेवि मिश्र | वडा नं. १० | ४००००/- | बोरिङ्ग तथा मोटर बोरिङ् घर | ५० प्रतिशत | ९८४५१४६२०१ | |
| १७ | शिव बहादुर अम्गाई | वडा नं. १२ | १०००००/- | इनार तथा मोटर | ८० प्रतिशत | ९८४४२०९११९ | |
| १८ | सन्जिव लामिछाने | वडा नं. १५ | ५००००/- | घाँस काट्ने ठूलो मेशिन | ७० प्रतिशत | ९८४५८४५४६९ | |
| १९ | विश्वनाथ पौडेल | वडा नं. १३ | १२००००/- | २०० मिटर डिप बोरिङ्ग पाइप धारा २ वटा जोडाइको लागि चाहिने सेट | ६० प्रतिशत | | |
| २० | नुमनाथ रेग्मी | वडा नं. १४ | २५०००/- | ३०० मिटर कालो पाइप | ५० प्रतिशत | | |
| २१ | शान्तीधारा दुग्ध उत्पादक सहकारी संस्था लि. | वडा नं. ३ | १२००००/- | मिल्क एनालाईजर (दुध जाँच गर्ने) मेशिन | ८० प्रतिशत | ९८५५०८०८१० | |
| २२ | सोमल महतो | वडा नं.८ | ४५०००/ | मोटर, बोरिङ्ग घर | ५० प्रतिशत | ९८६२०९२३८५ | |
| २३ | गोविन्द गौतम | वडा नं. १२ | ७००००/- | मोटर बोरिङ्ग घर | ५० प्रतिशत | ९८४५०८९०४९ | |
| २४ | पुरुषोत्तम लामिछाने | वडा नं. ५ | ४१,५००/- | मोटर, बोरिङ्ग घर | ५० प्रतिशत | ९८५५०६२६७३ | |

## निर्णय नं. ३१

रत्ननगर नगरपालिका वडा नं. १४ का कृषक नारायण दत्त रेग्मीलाई सिचाई मिटर खरिदका लागि १४ नं. वडा कार्यालयको सिफारिस सहित अनुदान रकम माग भई आएकाले नगरस्तरीय बिषयगत कृषि शाखा बजेट मागमा आधारित कृषि सामाग्री ,मेसिनरी औजार उपकरण तथा पूर्वाधार अनुदान सहयोग (५० देखि १०० प्रतिशत अनुदान) बाट व्ययभार हुने गरी सामान खरिदका लागि रु.३८०००/- (अठ्तिस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ३२

आर्थिक वर्ष २०८०।०८१ को रत्ननगर नगरपालिकाद्वारा भए गरेका नगर गौरव योजनाहरुको भिडियो निर्माण परियोजना ह्याप्पी मिडिया नेटवर्क प्रा.लि. लाई दिने निर्णय गरियो । सो वापतको रकम रु. १२००००/- (अक्षरुपी एक लाख विस हजार) नगरस्तरीय योजना अन्तर्गत पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट व्ययभार हुने गरी भुक्तानी दिने सर्वसम्वत निर्णय गरियो ।

## निर्णय नं. ३३

मिति २०८१/२/२० गते आएको हावाहुरीले रत्ननगर नगरपालिकाका विभीन्न वडाहरु भएको क्षतिको राहात उपलब्ध गराईदिनु हुन भनि वडा कार्यालयहरुको सिफारिस सहित बजेट माग भई आएकाले नगर स्तरीय विपद् व्यवस्थापन कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरीतपसिल बमोजिम राहात रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | राहात माग गर्ने व्यक्तीको नाम | क्षतिको विवरण | सिफारिस गर्ने वडा | रकम | कै. |
|---|---|---|---|---|---|
| १. | श्री सुदिपा रुम्बा तामाङ् | जस्ताको छाना र घरको वालमा क्षति भएको | वडा नं.११ को कार्यालय | १५०००/- | |
| २. | रा.आ.वि. लौरीघोल | व्याडमिन्टन कोर्ड क्षति | वडा नं. ३ को कार्यालय | १५०००/- | |

## निर्णय नं. ३४

रत्ननगर नगरपालिका वडा नं. १५ रामजानकी टोलनिवासी श्री हिरा माया तामाङ्गको घरको आर्थिक अवस्था ज्यादै कमजोर भएको, जिविकोपार्जनका लागि कुनै पनि किसिमको जागिर, व्यापार व्यवसाय सकेत नभएकाले निजलाई साना व्यवसाय संचालनका लागि बर्थिक सहायता उपल्बध गराईदिनु हुन भनि १५ नं. वडा कार्यालयको सिफारिस सहित सहयोग माग भई आएकाले निलाई साना व्यवसाय संचालनका लागि नगर प्रमुख उद्यमशिलता कार्ग्रम शिर्षकबाट व्ययभार हुने गरी रु.१५०००/- (पन्ध्र हजार मात्र) उपलबध गराउने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं.३५

नगर विकास कोष नयाँ बानेश्वरको मिति २०८१/२/२१ गतेको पत्रबाट यस नगरपालिकामा संचालन भएका आयोजनाहरुको असार सम्म तिर्नुपर्ने सावाँ /व्याज किस्ता रकम २०८१ असार मसान्त सम्म कोषमा रु.११,४९,५७,०७२/- (अक्षररुपी एक करोड उनान्पचास लाख सन्ताउन्न हजार बहत्तर मात्र) भुक्तानी माग गरेकोमा आ.व. २०८०/०८१ मा संघिय सरकार समानिकरण अनुदानमा पच्चिस प्रतिशत कटौती भएको र नगरपालिकामा ऋण तिर्ने स्रोतको अपुग भएकाले उक्त ऋण मिनाहाका गरिदिन नगर विकास कोषलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।